
निश्चय हामीमा
नुन हुनुपर्छ ।

# निश्चय हामीमा नुन हुनुपर्छ ।

*'किनकि हरेक मानिस आगोद्वारा नुनिलो पारिनेछ र हरेक बलिदान नुनद्वारा नुनिलो पारिनेछ । नुन असल हो; तर नुनले आफ्नो स्वाद गुमायो भने, त्यसलाई तिमीहरूले केले स्वादिलो पार्छौं ? तिमीहरूमा नुन होस्, र तिमीहरू एक-अर्कासित मेलमिलापमा बस !'*

मर्कूस ९:४९-५०

प्रभु येशूले यस खण्डमा आफ्ना चेलाहरूलाई शिक्षा दिँदै हुनुहुन्थ्यो । अनि निष्कर्षमा आएर उहाँले उक्त वचनहरू बोल्नुभयो; किनभने हामीले उहाँमाथि विश्वास गर्नेहरूमध्ये सबैभन्दा सानो ख्रीष्ट-विश्वासीलाई कुनै हालतमा पनि ठेसठक्कर खुवाउनुहुँदैन । प्रभु येशू यस सन्दर्भमा बोल्नुभयो र यस कुरामा एकदम गम्भीर हुनुभयो; किनकि उहाँले नरकको आगोको कुरा लिएर हामीलाई डर देखाउनुभयो । अनि अरू कसैलाई कुनै ठेस नदिने हेतुले उहाँबाट हामीलाई दुईवटा आज्ञाहरू दिइएका छन्: **क)** हामीमा नुन हुनुपर्छ, र **ख)** हामी एक-अर्कासित मेलमिलापमा बस्नुपर्छ ।

हामी ख्रीष्ट-विश्वासीहरूको बीचमा मेलमिलाप कति महत्त्वपूर्ण हुन्छ, हामीमध्ये कतिजनाले बुझेका छैनन् । किनकि तिनीहरूले सानोभन्दा सानो कुराको विषयमा झगड़ा गर्न खोज्छन् । यसो गर्न तिनीहरूलाई कुनै डरै लाग्दैन । अनि तिनीहरूले आफूलाई अरू विश्वासीहरूबाट अलग पार्छन्, जब पवित्र बाइबलमा यसो लेखिएको छः *'मेलमिलापको बन्धनमा आत्माको एकता कायम राख्न प्रयत्न गर ! किनकि एउटै मात्र शरीर छ भने, एकै मात्र आत्मा हुनुहुन्छ, जसरी तिमीहरू पनि आफ्नो बोलावटको एउटै आशाको निम्ति बोलाइएका छौ । एकै मात्र प्रभु, एउटै मात्र विश्वास, एउटै बप्तिस्मा, एकै मात्र परमेश्वर, जो सबैका पिता हुनुहुन्छ, जो सबैमाथि, जो सबैद्वारा र जो तिमीहरू सबैमा हुनुहुन्छ'* (एफेसी ४:३-६) । धेरै इसाईहरूले आपसमा एकता स्थापित गर्न खूब प्रयत्न गर्छन् । यसको निम्ति तिनीहरू आफ्नो विश्वास र अरूको विश्वासको बीचमा सम्झौता गरेर जे पनि गर्न तयार हुन्छन् । तर यो प्रयास तिनीहरूको अबुझको फल भएको हुनुपर्ला । किनभने परमेश्वरको उक्त वचनले के भनेको छ त ? हामी आपसमा मेलमिलापमा बस्नुपर्छ; तब हाम्रो बीचमा भएको आत्मिक एकता भइरहन्छ । जुन मानिस परमेश्वरको सन्तान हो, जुन व्यक्ति परमेश्वरका छोराछोरी हो, उसले प्रभु येशूमाथि विश्वास गरेको दिनदेखि नै पवित्र आत्माले आएर उसभित्र वास गर्नुभएको छ । यसो हो भने विश्वासीको नाताले तपाईंमा पवित्र आत्मा वास गर्नुहुन्छ, ममा पवित्र आत्मा हुनुहुन्छ भने, हाम्रो बीचमा आत्मिक एकता छँदैछ । त्यो एकता हामीले स्थापित गर्नुपर्दैन, तर कायम पो राख्नुपर्छ । कसरी ? आपसमा मेलमिलापमा बसेर । यसकारण प्रभुको दासदासीहरूहो, हामीले

कसैसँग बिनसित्ति झगड़ा गर्न पाउँदैनौं । के तपाईले निम्न पद कहिल्यै पढ्नुभएको छैन ? *'प्रभुको दासले झगड़ा गर्नुहुँदैन, तर तिनी त सबै मानिसहरूप्रति कोमल, सिकाउनमा सिपालु, सहनशील, विरोध गर्नेहरूलाई नम्रतासाथ सिकाउने-सुधार्ने हुनुपर्छ'* (२ तिमोथी २:२४-२५क) । प्रभुका सेवकहरूहो, हामीले झगड़ा गर्नुहुँदैन; तर हामी सबै मानिसहरूप्रति नरम र कोमल हुन सक्नुपर्छ, सिकाउनुमा सिपालु हुन सक्नुपर्छ, सहनशील हुनुपर्छ, नम्रतासाथ सिकाउने-सुधार्ने मानिस हुनुपर्छ ।

हामी आपसमा मिल्न चाहे यसको निम्ति हामीसँग धेरै कारणहरू छन्; किनभने संसारभरि ख्रीष्टको देह एउटै मात्र छ । हो, हामीले सेवासङ्गति गर्ने हाम्रा स्थानीय मण्डलीहरू अलग-अलग छन्; यसमा केही पर्बाह छैन । तर यसको कारणले गर्दा ख्रीष्टको देहमा विभाजन आएको हुँदै होइन । परमेश्वरको इच्छा यस्तो होः हामी एक ठाउँमा भेला हुनुपर्छ । हामी सबै ठाउँमा भएका सबै मण्डलीहरूसित सङ्गत गर्न सक्दैनौं र सङ्गति गर्नुपर्दैन पनि । तर जुन मण्डलीमा हामी जान्छौं, त्यस मण्डलीप्रति हामी विश्वासयोग्य रहनुपर्छ र त्यसका सबै विश्वासीहरूसित हामी सकभर मिल्नुपर्छ, र कसैसँग झगड़ा गर्नुहुँदैन । तब यस मेलमिलापको अवस्थामा पवित्र आत्मा हाम्रो बीचमा काम गर्न पूरा स्वतन्त्रता पाउनुहुन्छ र हाम्रो बीचमा आफ्ना दान-वरदानहरूद्वारा मण्डलीको उत्थान गर्नुहुन्छ र हाम्रो आत्मिक आवश्यकता पूरा गर्नुहुन्छ ।

अघि मैले भनेको थिएँः हामीले चाह्यौं भने, आपसमा मिल्ने धेरै कुराहरू छन्ः स्वर्ग जाने हामी सबैजनाको एउटै मात्र आशा छ, जुन आशाको विषयमा हामीले सुसमाचार सुनेर परमेश्वरको स्वर्गीय

बोलावट पाएका छौं । अनि स्वर्गमा हामी सबै मिलेर प्रभु येशूको महिमा गर्नेछौं । किनभने उहाँ हाम्रा एकमात्र प्रभु हुनुहुन्छ । उहाँमाथि हामीले विश्वास गरयौं; अनि उहाँमा हामीले मुक्ति पायौं । तर दुईवटा सुसमाचार छैनन् भने, दुईवटा विश्वास कसरी भए त ? पवित्र बाइबलको नयाँ नियमचाहिँ एकै पुस्तक हो । यसबाट बेग्ला-बेग्लै अर्थ कसरी निस्के त ? यो हाम्रो शरीरको फल र अपरिपक्वताको कारण भएको हुनुपर्छ, किनकि हामी आत्मिक कुरामा बच्चा छौं, र हाम्रो ज्ञान अधूरो छ । होइन, एकै सुसमाचारको वचन छ, एउटा विश्वास हुन्छ, र हामीले बप्तिस्मा लिएको एउटै बप्तिस्मा हो । यस कुरामा हामी होशियार बस्नुपर्छ, र आफ्नै बप्तिस्मा अरूको बप्तिस्माभन्दा फरक र उत्तम भन्नुहुँदैन, मान्नुहुँदैन; किनभने प्रेरित पावलले पूरा अधिकारको साथ यस खण्डमा भनेः सबै इसाईहरूको निम्ति एउटै मात्र बप्तिस्मा छ । अनि प्रभु येशूमाथि विश्वास गरेका हुनाले हामीले परमेश्वरका सन्तान हुने हक पाएका छौं । हामी सृष्टिकर्ता परमेश्वरलाई 'बुबा' भनेर पुकार्छौं । उहाँको विषयमा के लेखिएको छः *'उहाँ हामी सबैका पिता हुनुहुन्छ; उहाँ सबैमाथि, उहाँ सबैद्वारा र उहाँ हामी सबैमा हुनुहुन्छ ।'*

तर आपसी मेलमिलापको कुरा गर्नुभन्दा अघि प्रभु येशूले अर्को आज्ञा दिनुभयोः *'तिमीहरूमा नुन होस् !'* तुरुन्तै हामी फ्रम्टेर मत्ती ५:१३ को सुपरिचित पदमा जान खोज्छौं, र हामी पृथ्वीको नुन भएको कुरामा अड्किबस्छौं । तर आज म तपाईंलाई यस विषयमा एउटा नयाँ कुरा सिक्न तयार हुनुहुन अनुरोध गर्दछु । यसकारण हाम्रा प्रभुका शब्दहरूमाथि ध्यान दिएर बुझ्नुहोस्ः त्यो नुन हामी

होइनौं, तर त्यो नुन त हामीमा पो हुनुपर्छ; नत्रता हामी अरूलाई ठेस र ठक्कर खुवाउन पुग्छौं । नुनमा स्वाद भएसम्म नुन असल हो, तर नुनले आफ्नो स्वाद गुमायो भने, त्यो कुनै कामको हुँदैन । लूका १३:३४-३५ पदअनुसार त्यो न ता जमिनको लागि लायकको हुन्छ, न मलको लागि नै; तर मानिसहरूले त्यो बाहिर मिल्काइदिन्छन् । अनि मत्ती ५:१३ पदमा प्रभु येशूले थपेर भन्नुभयोः मानिसहरूले त्यो खल्लो भएको र फ्याकिएको नुनमाथि टेकेर त्यसलाई अझै आफ्ना खुट्टाले कल्चन्छन् ।

अब आउनुहोस्, हामी यसको बारेमा व्यावहारिक कुरा गरौंः मैले आजको दिनसम्म खल्लो भएको नुन देखेको छैनँ । किनकि जुन नुन हामी बजारमा किन्ने गर्छौं, त्यो विशुद्ध नुन हो, जसको स्वाद एकनाश चर्को हुन्छ । तब नुन कसरी खल्लो हुन्छ ? यसमा कुनै प्रदूषण वा मैला आए मात्र खल्लो हुन्छ । हामीमा भएको विशुद्ध विश्वास हाम्रो निम्नि त्यो स्वादिलो नुन हो । अनि जब हाम्रो विश्वासमा कुनै प्रदूषण आउँछ, तब हाम्रो जीवन खल्लो, अविश्वासीहरूको जस्तै हुन्छ । अनि त्योभन्दा खतरा कुरा के हो भने, हामी पापसित हार्नुपर्छ र अरूलाई ठेस दिन पुग्नेछौं ।

२ कोरिन्थी ६:१४-१६ पदहरूले के भन्छन् भने, यस संसारसित एकै चालको हुनु हाम्रो आत्मिक प्रदूषण हो । अधर्मसित हाम्रो सङ्गत, अन्धकारमा हाम्रो सहभागिता, भक्तिहीन, अधम, नीच, पापी मानिसहरूसित हामी एकै मनका हुँदा, अविश्वासीहरूसित विवाह वा व्यापारको सम्बन्ध राखेर हामीले कुनै हिस्सा खोज्दा र चाड़पर्वमा मूर्तिहरूबाट पूरा अलग नहुँदा हाम्रो विश्वास कमजोर हुन्छ, अँ, अलिनु भएको नुनजस्तै खल्लो हुन जान्छ; यसमा कुनै शङ्का छैन; यो हाम्रो अनुभव हो ।

तब प्रभुले सोध्नुभएको प्रश्नमाथि हामीले ध्यान दिनुपर्छः 'नुनको स्वाद गयो भने, तिमीहरूले त्यसलाई के गरेर, कसो गरेर फेरि स्वादिलो पार्छौं ?' नुनमा खल्लोपन आयो भने, त्यसको स्वाद फर्काउन गाह्रो छ, अँ, हाम्रो निम्ति असम्भव छ। अनि त्यसमा हाम्रो हानि ठूलो हुन्छ; किनभने हाम्रो विश्वासबाट हामीलाई अबदेखि कुनै लाभ हुँदैन। त्यो माटो र बालुवा बराबर, निकम्मा भएको छ। त्यो त फ्याँकिन लायक, कुल्चिन लायकको, काम नलाग्ने चीज पो बनेछ।

मर्कूसको सुसमाचारको यो खण्ड तपाईंले ध्यानसित पढ्नुभयो भने, तपाईंले मर्कूस ९:४९ पदमा नुन नुनिलो पार्ने उपाय पाउनुहुन्छः नुन नुनिलो पार्ने एकमात्र साधन आगो पो हो। अनि हाम्रो विश्वास खल्लो हुन जान्छ भने, हाम्रा प्रभुले हामीलाई आगोमा हालेर खार्नुहुन्छ, जसरी मलाकी ३:२-३ पदमा लेखिएको छः *'किनकि उहाँ सुन खार्ने सुनारको आगो र धोबीको साबुनजस्तो हुनुहुन्छ। अनि उहाँ चाँदी खारेर निखुर पार्ने सुनार भई बस्नुहुन्छ। अनि उहाँले लेवीका सन्तानहरूलाई शुद्ध पार्नुहुनेछ र उनीहरूलाई चाँदी र सुनजस्तै निखुर पार्नुहनेछ, उनीहरूले परमप्रभुलाई धार्मिकताको साथ भेटी चढ़ाउन सकून् भनेर।'* प्रभु येशूले हामीलाई खार्ने आगोमा हाल्नुहुन्छ, मार्ने र नाश गर्ने आगोमा होइन। उहाँले हामीलाई सुधार्नुहुन्छ र निखुर पार्नुहुन्छ। यसकारण उहाँ सुनारको काम अपनाउनुहुन्छ। अरू कुनै उपाय छैन। हाम्रो विश्वास खल्लो हुनुहुँदैन। तर हाम्रो विश्वास खल्लो भयो भने, हाम्रो जीवन आगोमा हालिन्छ, जसको नाम 'कष्टको भट्टी' हो (यशैया ४८:१०)। यो कुरा क्याथोलिक इसाईहरूको शोधन-स्थल होइन है। किनकि यो शोधन-कार्य वर्तमान जीवनमा हुइन्छ।

तब बल्ल हामी पत्रुसले लेखेको कुरा बुझ्छौंः *'अहिले केही समयको निम्ति, खाँचो पर्‍यो भने, तिमीहरू किसिम-किसिमका परीक्षाहरूमा परेर दुःखित हुन्छौ होला, तापनि तिमीहरू प्रभुमा पाएको मुक्तिमा खूबै रमाउँछौ, र तिमीहरूको विश्वासको जाँचचाहिँ येशू ख्रीष्ट प्रकट हुनुहुने बेलामा प्रशंसा, आदर र महिमाको कारण ठहरियोस्, जुन विश्वासचाहिँ आगोद्वारा जाँचिएको नाशवान् सुनभन्दा पनि धेरै बढ़ी मूल्यवान् हुन्छ।'*

ओहो, बल्ल कुरा बुझियोः हामी हरेकको विश्वास जाँचको आगोद्वारा नुनिलो अर्थात् शुद्ध, निखुर, मूल्यवान् पारिन्छ। यसो नभए हाम्रो सेवकाई पनि ग्रहणयोग्य हुनेथिएन होला; किनभने प्रभुको उक्त वचनअनुसार हाम्रो बलिदानरूपी हरेक सेवकाईमा नुन भएको हुनुपर्छ। नुनविना हाम्रो भेटी ग्रहणयोग्य हुँदैन, अर्थात् विशुद्ध विश्वासविना प्रभुलाई रिजाउन सकिँदैन। हाम्रो विश्वासमा मैला हुनुहुँदैन, त्यसमा प्रदूषण हुनुहुँदैन, नत्र त्यो खल्लो हुन जान्छ। तब प्रभुको एकमात्र उपाय हामीलाई नाना परीक्षाहरूको आगोमा पारेर हाम्रो विश्वास खार्नु हो। हाम्रो विश्वास विशुद्ध, निखुर, मूल्यवान्, सुनभन्दा उत्तम नभएसम्म प्रभु येशूले हाम्रो सुधारको काम गर्नुहुन्छ, एउटा सुनारले झैं। तर एक दिन उहाँ फर्केर आउनुहुन्छ, त्यो दिन हाम्रो निम्ति एउटा खुशीको दिन भएको होस्, जुन दिनमा हाम्रो खाँटी विश्वास, हाम्रो खारिएको विश्वास प्रशंसा, आदर र महिमाको कारण भएको होस्! आमेन!!

यस सम्बन्धमा तपाईले कति कुरा अझ बढ़ी बुझ्न, हामीलाई सोध्न वा सिक्न चाहनुभयो भने अथवा तपाईलाई आफ्नो जीवनमा आत्मिक सहायताको खाँचो परेमा निम्न ठेगानामा हामीसित सम्पर्क राख्नुहुन अनुरोध गर्छौं । धन्यवाद ।

email: nbcinepal@gmail.com

प्रिय पाठक मित्र, आज सुनौलो मौका छोप्नुहोस्, र 'आशाको किरण'अन्तर्गत हाम्रा रेडियो कार्यक्रमहरू सुन्नुहोस्, साथै अडियो पोडकास्ट, रोचक किताबहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू सित्तैमा हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्नुहोस्:

https://www.nbcinepal.org/

SCAN ME